# राष्ट्रिय स्वास्थ्य प्रयोगशाला नीति
# २०६९


**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**रामशाहपथ, काठमाण्डौ**

## १.पृष्ठभुमी

स्वास्थ्य उपचार सेवालाई सुदृढ तुल्याउन र स्वास्थ्य सेवा प्रणालीलाई स्थानीयस्तरमा सहजरुपले उपलब्ध तथा प्रभावकारी वनाउँदै वहुसंख्यक नागरिकको स्वास्थ्यस्तरमा सुधार ल्याउनको लागि स्वास्थ्य प्रयोगशालाहरुको महत्वपूर्ण भूमिका रहेको; विकासको सहस्राब्दी लक्ष्य तथा सार्कको विकास लक्ष्य प्राप्तीको लागि र हाल प्रार्दुभाव भएका तथा पुनःप्रार्दुभाव हुने (Emerging and Re-emerging) रोगको पहिचान गरी राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमका लक्ष्यहरु हासील गर्न आवश्यक भएको; जनस्वास्थ्य एवं चिकित्सकीय (Clinical) सेवासंग सम्बन्धित कार्यहरु जस्तै रोगको खोजपडताल, निदान, रोकथाम, उपचार, अनुसन्धान र स्वास्थ्य प्रवर्द्धनका कार्यहरु प्रभावकारी तथा सर्ब सुलभरुपमा कार्यान्वयनका लागि विश्वसनीय प्रयोगशाला सेवा उपलव्ध गराउनु पर्ने भएको र स्वास्थ्यसंग सम्बन्धित अधिकांश निर्णयहरु प्रयोगशालाका नतिजामा भर पर्ने हुँदा प्रयोगशालाको महत्वलाई आत्मसात गर्दै नेपालमा स्वास्थ्य प्रयोगशालालाई समयसापेक्ष विश्वसनीय र गुणस्तरीय बनाउदै स्थानीय स्वास्थ्य संस्थासम्म प्रयोगशाला सेवाको पहुँच बढाउन यो नीति तर्जुमा गरिएको छ । यो नीति नेपाल सरकार मन्त्री परिषद्को निर्णय[1] अनुसार लागु भएको छ ।

## २. विगतको प्रयास

विगतमा प्रयोगशाला सम्बन्धी छुट्टै नीति तर्जुमा नभएता पनि नेपाल सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्न्तगत 'राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला' स्थापना गरी सेवा प्रदान गरिएको थियो । यस बारे छुट्टै नीति निर्माण नभएको भए पनि राष्ट्रिय रक्त सञ्चार नीतिमा भएको व्यवस्था अन्तर्गत रही स्वास्थ्य प्रयोगशालाहरु सञ्चालनमा रहेका छन् ।

विक्रम सम्वत २०२१ (सन १९६५) सालदेखि नेपालमा प्रयोगशालाको शुरुवात वीर अस्पतालको प्याथोलजी विभागबाट भएको थियो । यसलाई वि.सं. २०३४ (सन १९७८) मा केन्द्रीय स्वास्थ्य प्रयोगशालामा स्तरोन्नति गरि प्रयोगशालाको विकासमा थप टेवा दिएको पाइन्छ । यसैलाई आधार मानी वि.सं. २०५० (सन १९९१) सालमा छुट्टै निकायकोरुपमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको स्थापना गरी हालसम्म सोही अनुसार कार्य हुदै आएकोछ ।

## ३.वर्तमान अवस्था

स्वास्थ्य प्रयोगशालालाई केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल, जिल्ला र प्राथमिक स्वास्थ्य केन्द्रस्तरसम्म विभिन्न चरणमा बिस्तार गरी हाल स्थानीयस्तरसम्म यसको बिस्तार हुन पुगेकोछ । हालसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्न्तगत २९४ वटा स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा बिस्तार भैसकेकोछ । जसमध्ये केन्द्रीयस्तरमा ८ वटा, क्षेत्रीयस्तरमा ३, उपक्षेत्रीयस्तरमा २, अञ्चलस्तरीय ११, जिल्लास्तरीय ६६ र प्राथमिक स्वास्थ्य केन्द्रस्तरीय २०४ प्रयोगशालाहरु मार्फत सेवा प्रवाह भै रहेकोछ । त्यसैगरी, गृह मन्त्रालय, रक्षा मन्त्रालय, शिक्षा मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय तथा सामान्य प्रशासन मन्त्रालय अर्न्तगत सञ्चालित अस्पतालहरुमा रहेका प्रयोगशालाहरु र कृषि मन्त्रालय अन्तर्गत रहेका प्रयोगशालाहरु, स्वास्थ्य प्रतिष्ठानहरु, अस्पतालहरु एवं सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालनमा रहेका अस्पतालहरुका प्रयोगशाला तथा निजी प्रयोगशालाहरुबाट पनि प्रयोगशाला सेवाहरु उपलव्ध भई रहेका छन् ।

राष्ट्रियस्तरमा स्थापित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले सामान्य र विशेष सेवाहरुको साथ साथै जनस्वास्थ्यसंग सम्बन्धित विभिन्न प्रयोगशाला परीक्षणहरु, प्रयोगशालामा आधारित रोगहरुको खोजपड्ताल (Lab Based Surveillance), प्रयोगशाला सम्बन्धी तालिमहरु तथा गुणस्तर अभिबृद्धि कार्यक्रमका साथ साथै अनुगमन तथा मूल्यांकनको कार्यहरु सञ्चालन गरी आएकोछ ।

---

[1]मन्त्रीपरिषद्को निर्णय मिति …………

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्न्तगत रहेका स्वास्थ्य संस्थाहरुका अतिरिक्त र अन्य मन्त्रालय अर्न्तगतका निकायहरुले पनि प्रयोगशाला सेवा पुर्‍याउदै आएका छन् । तर स्वास्थ्य प्रयोगशाला सम्बन्धी छुट्टै नीतिको अभावमा सबै निकायहरुका बीच समन्वयको अभाव हुदा यस नीतिले उल्लेखित अभावलाई परिपूर्ती गर्ने अपेक्षा राखिएकोछ ।

## ४. समस्या र चुनौती

प्रयोगशाला सञ्चालनमा देखिएका समस्या र चुनौतीहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ । जसलाई नीतिगत व्यवस्था गरी सम्बोधन गर्न आवश्यक देखिएकोछ ।

### ४.१ समस्या

प्रयोगशाला सेवाको माध्यमबाट रोगको सही पहिचान र निदान हुन्छ भन्ने मान्यतालाई स्वास्थ्यकर्मी एवं चिकित्सकहरुलाई सैद्धान्तिक जानकारी भएतापनि यसलाई उपयुक्त एवं सही ढंगले व्यवहारिकरुपमा प्रयोगमा ल्याउन नसक्नु नै मुख्य समस्याको रुपमा रहेकोछ । जसलाई देहायको बुदाँहरुमा प्रस्तुत गरिएकोछः-

क) उपयुक्त संगठनात्मक संरचनाको अभाव ।
ख) सूचना व्यवस्थापन प्रणालीको विकास र विभिन्न निकायसंगको समन्वयको अभाव ।
ग) प्रयोगशालाजन्य पदार्थको व्यवस्थापन, जैविक सुरक्षा लगायत वातावरणीय समस्या ।
घ) प्रयोगशालामा पर्याप्त भौतिक पूर्वाधारको अभाव ।
ङ) प्रयोगशाला सामाग्रीको आपूर्ती व्यवस्था तथा उपकरणहरुको मर्मत संभारको अभाव ।
च) दक्ष जनशक्ति एवं पर्याप्त बजेटको अभाव ।
छ) उपयुक्त नियामक संयन्त्रको अभाव ।
ज) प्रयाप्त अध्ययन तथा अनुसन्धानको अभाव ।

### ४.२ चुनौती

माथि उल्लेख गरिएका समास्याहरुको अतिरिक्त नेपालमा हाल भैरहेका स्वास्थ्य संरचना र जनशक्तिलाई सहिरुपमा परिचालन गर्नको लागि नेपालको भौगोलिक अवस्थिती, भूधरातलीय बनोट, विश्वभर बढ्दो प्रतिस्पर्धात्मक वातावरण, विश्वव्यापीकरणको प्रभाव, निजी क्षेत्रको बढ्दो माग, संक्रामक एवं असंक्रामक रोगहरुमा तिब्र बृद्धि तथा जलवायु एवं प्रदुषणयोग्य वातावरणका कारण प्रयोगशाला सेवामा समयसापेक्ष सुदृढ गर्दै जानु नै प्रमुख चुनौती रहेकोछ । जसलाई देहायका बुदाहरुमा प्रस्तुत गरिएकोछः-

क) समुदायस्तरसम्म प्रयोगशालाको बिस्तार गर्नु ।
ख) रोगको निदानमा प्रेषण प्रयोगशालाकोरुपमा क्षेत्रीय जनस्वास्थ्य प्रयोगशाला स्थापना गर्नु ।
ग) समय र माग अनुसार दक्ष जनशक्तिको आपूर्ती तथा वृत्ति विकास ।
घ) प्रयोगशालामा कार्यरत जनशक्तिहरुलाई समय सापेक्ष सेवाकालिन तालिमको व्यवस्था र अध्ययनको अवसर ।
ङ) प्रयोगशाला दर्ता तथा गुणस्तरको मापदण्ड कायम गर्न नियामक संयन्त्रको विकास ।
च) आधुनिक प्रयोगशाला परीक्षणप्रविधिको बिस्तार ।
छ) गुणस्तरीय प्रयोगशाला सेवाको विकास र बिस्तार ।

## ५. औचित्य/आवश्यकता

**नेपालको अन्तरिम संविधान, २०६३ले** प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने व्यवस्था गरेकोछ । त्यसैगरी दोस्रो दीर्घकालीन स्वास्थ्य योजनाले स्वास्थ्य प्रवर्द्धन, रोगको रोकथाम, स्वास्थ्य सेवाको विकेन्द्रीकरणलाई प्राथमिकता दिदै संक्रामक तथा असंक्रामक रोगको न्यूनीकरण र उपचार गर्ने कार्यमा जोड दिएकोछ । यस्तै त्रिबर्षिय अन्तरिम योजना (आ.ब.२०६४।६५–०६६।६७) ले विभिन्न रोगका जीवाणुहरुको परीक्षण गरी उपचार कार्यलाई प्रभावकारी बनाउन केन्द्रीयस्तरको सवै तहका प्रयोगशालालाई सुदृढ गरिनेछ । निजी क्षेत्रका प्रयोगशालाको अनुगमन गर्ने र जिल्लास्तरसम्म प्रयोगशाला सम्बन्धी सेवालाई विस्तार र सुदृढ गरिने तथा Evidence Based Medical Practice को सिद्धान्तलाई मध्यनजर गरी उपचार सेवालाई प्रभावकारी बनाउन विभिन्न

रोगको जिवाणुको परिक्षण तथा अन्य प्याथोलोजिकल डायग्नोस्टिक सेवा उपलब्ध गराउन प्रा.स्वा.केन्द्रसम्म PCL in Laboratory Science योग्यता भएको प्राविधिबाट स्वास्थ्य प्रयोगशाला सम्बन्धी सेवा बिस्तार गर्ने गरी व्यवस्था गरेकोछ । जसका लागि प्रयोगशालाको अहंम भूमिका रहन्छ । यसकालागि नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम -२ (Nepal Health Sector Program - NHSP II) मा सबै तहका जनस्वास्थ्य प्रयोगशालाको क्षमता अभिवृद्धी गर्ने कार्यक्रम रहेकोछ । उक्त कार्यक्रमले प्रयोगशाला नीति, मार्गदर्शन र प्रयोगशालाको क्षमता अभिवृद्धि गर्ने र खाका निर्माणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई तोकेको छ । स्थापित प्रयोगशालाहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न सक्षम तुल्याउनको लागि थप सुदृढीकरण गर्नुपर्ने भएकाले अत्यावश्यक उपकरण, सामग्री र जनशक्तिको उपलब्धता सुनिश्चित गर्नुपर्ने हुन्छ । उपलब्ध जनशक्तिको क्षमता अभिबृद्धि गर्ने, आवश्यकता अनुरुपको दरबन्दी सृजना गरी जनशक्ति आपूर्ती गर्ने र समय सापेक्ष भौतिक पूर्वाधारकोव्यवस्था गरी प्रयोगशालाको सुदृढीकरणमा जोड दिइनु आवश्यकछ ।

प्रयोगशाला सेवाको सुदृढीकरणको लागि विश्व स्वास्थ्य संगठनको महासभाले (WHA Resolution27.62, 1974) आफ्नो सदस्य राष्ट्रहरु माफ प्रभावकारी, जिम्मेवारी तथा लागत प्रभावी प्रयोगशाला सेवाको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा दिएर मानव मृत्यूदर, Morbidity, तथा Misery कम गर्न सकिन्छ भन्ने बिषयमा प्रस्ताव गर्दै आइ रहेकोछ । शहस्राव्दी विकास लक्ष्यले अपेक्षा गरेको प्रतिफल प्राप्त गर्नका लागि संक्रामक र असंक्रामक रोगहरुको निदान हुन जरुरी छ । साथै सार्कले लिएको विकास लक्ष्य हासिल गर्नकालागि पनि प्रयोगशालाको अंहम भूमिका हुने हुँदा प्रयोगशला सुदृढीकरणमा यो नीतिले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । अन्तराष्ट्रिय स्वास्थ्य नियमावली, २००५ (International Health Regulation – IHR 2005) मा नेपालले गरेको प्रतिबद्धतालाई सुनिश्चित गर्नका लागि पनि प्रयोगशालाको सुदृढीकरण हुन जरुरी छ । यसका लागि जनस्वास्थ्य प्रयोगशालाको अगुवाईमा विशेषगरी निजी क्षेत्रबाट सञ्चालनमा आएका प्रयोगशाला र अन्य निकाय अर्न्तगतका प्रयोगशालाहरुलाई समन्वयमा ल्याई स्वास्थ्य सेवा सुधारमा थप भूमिका खेल्ने अपेक्षा गरिएकोछ । वर्तमान अबस्थामा मानव मानव बीचबाट सर्ने रोगहरुका अलावा पशु पंक्षी तथा अन्य जैविक पर्दाथ (खाद्यबाट सर्ने, पानीबाट सर्ने, हावाबाट सर्ने) बाट समेत विभिन्न खाले रोगहरु देखा परेको परिप्रेक्षमा ती रोगहरुको पहिचान गर्नकालागि आधुनिक प्रयोगशालाको आवश्यकता रहन्छ ।

रक्त सञ्चार नीतिद्धारा सुनिश्चित गरिएको रगत तथा रगत जन्य पदार्थको सुरक्षित सञ्चारकालागि गुणस्तरीय प्रयोगशाला सेवाको बिस्तार गर्नु आवश्यक देखिन्छ । गुणस्तरीय प्रयोगशाला सेवाले रोगको रोकथाम, परीक्षण, निगरानी, उपचार, अनुसन्धान र स्वास्थ्य प्रवर्द्धन जस्ता गतिविधिहरुको कार्यान्वयनमा मद्दत पुर्‍याउदछ । त्यसैगरी रोगको दक्षतापूर्ण पहिचानले पनि स्वास्थ्यस्थितीको वास्तविक जानकारी दिई राष्ट्रिय स्वास्थ्य योजनालाई प्रभावकारी वनाउन सहयोग गर्ने हुँदा यो नीतिको आवश्यकता महशुस भएको हो । यसै परिवेशमा स्वास्थ्य प्रयोगशालाको क्षेत्रमा प्राविधिक, भौतिक, मानव संसाधनसम्बन्धी पूर्वाधारको निर्माण गर्न र निजी क्षेत्रलाई समेत नीतिगतरुपमा सहभागि गराउन नयाँ सोच, उदेश्य र रणनीतिगतरुपमा कार्यान्वयन गर्न यो नीति आवश्यक भएकोछ ।

## ६. लक्ष्य

सरकारी एवं निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य प्रयोगशालालाई प्रभावकारी र समन्वयात्मकरुपमा सञ्चालन गरी आम नागरिकलाई गुणस्तरयुक्त प्रयोगशाला सेवाको पहुँचमा बृद्धि गराउने ।

## ७. उद्देश्यः

यस नीतिको मूख्यतया देहाय अनुसारका उदेश्यहरु रहेका छन्

७.१ रोगको पहिचान, निदान, उपचार र रोकथामको लागि स्वास्थ्य प्रयोगशाला सेवालाई समयसापेक्ष सुदृढीकरण गरी क्रमिक रुपमा स्थानीयस्तरसम्म बिस्तार गर्ने ।

७.२ गुणस्तरीय प्रयोगशाला प्रणालीको विकास गरी प्रयोगशाला सेवाहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

७.३ प्रयोगशाला दर्ता तथा गुणस्तर मापदण्डको लागि नियामक संयन्त्रको विकास गर्ने ।

७.४ प्रयोगशाला सेवामा अनुसन्धान र सहकार्य गर्ने गराउने ।

## ८. नीति

यो नीति अर्न्तगत देहाय बमोजिमका कार्य गरिनेछन्

८.१ स्वास्थ्य प्रयोगशालाको संगठन तथा संस्थागत संरचना विकास गरी सुदृढीकरण गरिनेछ ।

८.२ स्वास्थ्य प्रयोगशाला सेवाको उपलब्धता र सञ्चालन गर्ने सम्बन्धमा नियामक संयन्त्रको विकास गरिनेछ ।

८.३ प्रयोगशालाको भौतिक पूर्वाधार, उपकरण आपूर्ती, मर्मत संभारको सुदृढीकरण गरिनेछ ।

८.४ मानवीय स्रोतको व्यवस्थापन तथा क्षमता अभिबृद्धिका साथै उपलब्ध जनशक्तिको अधिकतम उपयोग र सेवाको निरन्तरता सुनिश्चित गरिनेछ ।

८.५ प्रयोगशाला परीक्षण तथा परीक्षण विधिको मापदण्ड निर्धारण गरी गुणस्तरीय प्रयोगशाला पद्धतीको अवलम्बन गरिनेछ ।

८.६ स्वास्थ्य सेवा प्रवाह र प्रयोगशाला सेवा बीचको सूचना एकिकृत गरी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।

८.७ वातावरणीय सुरक्षा तथा प्रयोगशालाबाट निस्किएका फोहरजन्य बस्तुहरुलाई उपयुक्त व्यवस्थापन गरिनेछ ।

८.८ सेवा प्रदायक र सेवाग्राही बीचको गोपनीयतालाई मध्यनजर गरी प्रयोगशाला सुरक्षा प्रणालीअवलम्बन गरिनेछ ।

८.९ स्वास्थ्य प्रयोगशाला सञ्चालन व्यवस्थित गर्न आर्थिक स्रोतको परिचालन एवं उपयोग गरिनेछ ।

८.१० स्वास्थ्य प्रयोगशाला सञ्चालन गर्ने सरोकारवाला पक्षहरु बीच अन्तर निकाय समन्वय र सहकार्य गर्ने संयन्त्रको विकास गरिनेछ ।

८.११ स्वास्थ्य क्षेत्रमा विद्यमानरुपमा रहेका र हुन सक्ने संक्रामक एवं असंक्रामक रोगहरुको अध्ययन एवं अनुसन्धान गरी त्यसको उपयोग गर्ने व्यवस्था गरिनेछ ।

८.१२ नेपाल सरकारले तोके बमोजिम प्रयोगशाला सेवामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको बिषयलाई सम्बोधन गर्नुका साथै विपन्न नागरिकलाई प्रयोगशाला परिक्षण सेवामा सहुलियत दिने व्यवस्था गरिनेछ ।

## ९. रणनीति तथा कार्यनीति

माथि उल्लेखित लक्ष्य, उदेश्य तथा नीतिगत बिषयबस्तु हासील गर्नका लागि देहाय बमोजिमका रणनीति तथा कार्यनीति तय गरीएका छन् ।

### *९.१ प्रयोगशालाको संस्थागत संरचना विकास एवं व्यवस्थापन*

क) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्पूर्ण प्रयोगशालासम्बन्धी क्रियाकलाप सञ्चालन गर्न, मापदण्ड व्यवस्थापनसम्बन्धी निर्देशिका बनाउनकालागि उच्चस्तरको'राष्ट्रिय स्वास्थ्य प्रयोगशाला' निर्देशक समिति गठन गर्नेछ । यसरी गठन हुने समितिको बनोट र कार्य विवरण अनुसूची १ अनुसार हुनेछ ।

ख) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले केन्द्रीय प्रयोगशालाको रुपमा रही प्राविधिक, प्रविधि विकास गर्ने, गुणस्तर नियन्त्रण गर्ने, देशभरीका स्वास्थ्य प्रयोगशालाहरुलाई नियामक प्रणालीको दायरामा ल्याउने जिम्मेवारी बहन गर्नुका साथै प्रेषण प्रयोगशालाको भूमिका समेत निर्वाह गर्नेछ ।

ग) पाचै विकास क्षेत्रमा क्षेत्रीय जन स्वास्थ्य प्रयोगशालाको स्थापना गरी रोगको निदान सेवामा सबै क्षेत्रलाई सशक्तीकरण गरिनेछ । क्षेत्रीय स्वास्थ्य प्रयोगशालाहरुले सम्बन्धित क्षेत्रको प्रेषण प्रयोगशालाको भूमिका समेत निर्वाह गर्नेछन् ।

घ) प्रयोगशाला सेवालाई विकेन्द्रीकरण गर्दै समुदायस्तरसम्म पहुँच हुने गरी स्वास्थ्य केन्द्रस्तरसम्म बिस्तार गर्दै लगिनेछ । प्रयोगशाला सेवा स्वास्थ्य केन्द्रस्तरसम्म बिस्तार गर्ने क्रममा बर्थिङ्ग केन्द्, DOTS केन्द्र तथा PCL in Health Laboratory योग्यता भएका जनशक्ति भएका स्वास्थ्य केन्द्रहरुलाई प्रथामिकता दिइनेछ । सो सेवा शुरु गर्न स्थानीय निकायको समन्वयमा भौतिक पूर्वाधार र मानवीय स्रोतको व्यवस्था मिलाइनेछ । उपकरण औजार र परीक्षणको लागि चाहिने किट्स तथा रिएजेण्टहरु राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट कार्यक्रम तयार गरी स्थानीय निकायद्धारा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

ङ) प्रयोगशालाको सेवा सूविधाको आधारमा एउटा मापदण्ड तय गरी प्रयोगशालाहरुको वर्गीकरण गरिनेछ । वर्गीकरणको आधारमा सम्पूर्ण प्रयोगशालाहरुको दायित्व र जिम्मेवारी प्रष्टसंग परिभाषित गरिनेछ ।

## *९.२ नियामक संयन्त्रको विकास र व्यवस्थापन*

राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला मार्फत प्रयोगशाला निर्देशक समितिले आवश्यकता अनुरुप राष्ट्रिय स्वास्थ्य प्रयोगशाला निर्देशिकाको तर्जुमा गर्नेछ । यसरी जारी गरिने निर्देशिकामा नियामक संयन्त्रको विकास र व्यवस्थापनकालागि देहायका बिषयबस्तुहरु समेटिनेछन् ।

क) निजी क्षेत्रबाट सञ्चालन हुने देशका सम्पूर्ण स्वास्थ्य प्रयोगशालाहरु र देश भित्र सेम्पल कलेक्सन गरी उक्त सेम्पललाई अन्य देशमा पठाइ प्रयोगशाला परिक्षण गर्ने गराउने अर्न्तराष्ट्रिय संघ संस्थाहरुबाट सञ्चालित प्रयोगशालाहरु समेतको दर्ता, अनुमती प्रदान, नविकरण, प्रमाणीकरण, अनुगमन र मूल्याङ्कन गर्ने गराउने ।

ख) सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित प्रयोगशाला, प्रयोगशालासंग सम्बन्धित उपकरण, परीक्षण गर्ने औजार र रिएजेन्ट सहित प्रयोगशाला सेवाकोस्तर निर्धारण व्यवस्थालाई मापदण्ड अनुरुप सञ्चालन गर्ने, गराउने ।

ग) सम्पूर्ण प्रयोगशालामा कार्य गर्ने प्रयोगशालाकर्मीहरु नेपाल सरकारले तोकेको वैधानिक निकायहरुबाट प्रमाणित भएको हुनु पर्ने ।

घ) मापदण्ड विपरित सञ्चालन हुने प्रयोगशालाहरुलाई आवश्यक कार्यवाही गर्नको लागि सिफारिस गर्ने ।

## *९.३ प्रयोगशालाको भौतिक पूर्वाधार, उपकरण आपूर्ती तथा मर्मत संभारको व्यवस्था*

स्वास्थ्य प्रयोगशाला सञ्जालका प्रत्येक तहमा प्राविधिक दक्षता, आवश्यक भौतिक पुर्वाधार, उपकरण, परीक्षण र प्रकृयाका लागि देहायका बिषयबस्तुलाई समेटी राष्ट्रिय मापदण्डको तर्जुमा गरीनेछः-

क) प्रत्येक प्रयोगशालामा सुरक्षित वातावरणयुक्त स्थान तथा आवश्यक सामग्रीहरु सहितको प्रयोगशालाको भौतिक संरचनाको निर्माण ।

ख) प्रयोगशालाका विभिन्न तहहरुमा परीक्षणका लागि प्राविधिक विशेषता युक्त(Technical Specification) गुणस्तरीय उपकरणको छनौट ।

ग) प्रयोगशालासंग सम्बन्धित सामाग्रीहरुको समयमै आपूर्ती व्यवस्था मिलाई उपयुक्त भण्डारणको व्यवस्था ।

घ) प्रयोगशालामा प्रयोग हुने सामग्री तथा रसायनहरुको आपूर्ती गर्ने सन्दर्भमा सम्बन्धित प्राविधिकहरुको मुल्याङ्कनका आधारमा मात्र दाखिला गर्ने व्यवस्था ।

ङ) गुणस्तर सुनिश्चितता र स्वास्थ्य प्रयोगशालामा प्रयोगमा ल्याइने सामग्री र रसायनहरुको पुर्व छनौटको लागि निर्देशक समितिले तोके बमोजिम राष्ट्रिय स्तरको एक केन्द्रको पहिचान गरिनेछ ।

च) बस्तुगत सहायता मार्फत प्राप्त हुने सामग्रीहरुको गुणस्तरीयताको सुनिश्चितता पश्चात मात्र ग्रहणगरिनेछ ।

छ) प्रयोगशालामा आवश्यक सामग्री, केमिकल्स, रिएजेण्टस् आदिको मौज्दात व्यवस्थापनको लागि स्तरीय व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ ।

ज) परीक्षण मूल्यको आधारमा प्रचलित कानून बमोजिम टेण्डर प्रक्रियालाई अंगिकार गरिनेछ ।

## *९.४ मानवीय स्रोतको व्यवस्थापन तथा क्षमता अभिबृद्धि*

स्थानीयदेखि राष्ट्रियस्तर सम्म आवश्यक पर्ने प्रयोगशालाकर्मीहरुलाई समय सापेक्ष बनाइनेछ । यसका लागि देहाय अनुसारका कार्यनीति अबलम्बन गरिनेछः-

क) संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई प्राथमिकता दिई प्रयोगशालाहरुमा आवश्यक दरबन्दीको समय सापेक्ष बृद्धि गर्दै लगिनेछ ।

ख) विद्यमान एवं नयाँ स्थापना भएका स्वास्थ्य संस्थाहरुमा आवश्यक मात्रामा विशेषज्ञ प्रयोगशालाकर्मीको दरबन्दी क्रमश परिपूर्ती गर्ने प्रक्रिया अघि बढाइनेछ ।

ग) बिशेषगरी माइक्रोबायलोजिष्टहरु (MD Microbiology/MSC in Microbiology*), इमिनोलोजीष्ट (MMLT/MSC इमिनोलोजी), हेमाटोलोजिष्ट (MD/MSC हेमाटोलोजी), बायोकेमिष्ट (MD/MSC बायोकेमेष्टि), बायोमेडिकल इन्जिनियर, इलेक्ट्रिक इन्जिनियर, सूचना प्रविधि अधिकृत आदि जस्ता पदहरुको दरबन्दी सृजना गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ ।

घ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत कार्यरत स्वास्थ्यकर्मीहरुलाई MD प्याथोलोजी, MD/MSC हिमाटोलोजी, MD Microbiology/MSC in Microbiology*, MMLT, BMLT तथा CMLT लगायत बिषयमा अध्ययन गर्न सरकारी, निजी तथा स्वायत्त क्षेत्रमा स्थापित शिक्षण संस्थाहरुमानिश्चित प्रतिशत कोटा आरक्षण गरिनेछ ।

---

** MIcrobiology - Medical Microbiology, Medical Virology, Medical Bacteriology, Medical Parasitology and Medical Myclogy*

ङ) प्रयोगशाला सेवाका विभिन्न तहहरुमा कार्यरत सबै कर्मचारीहरुको कार्य विवरण तोकिनेछ ।

च) प्रयोगशालाका कर्मचारीहरुलाई तालिम, विभिन्न अवसर (कार्यशाला गोष्ठी, अवलोकन भ्रमण आदि) लगायत बृत्ति विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

छ) प्रयोगशालामा कार्यरत कर्मचारीकोलागि जोखिम भत्ताको निरन्तरता एवं प्रोत्साहनको व्यवस्था गरिनेछ ।

### *९.५ परीक्षण तथा परीक्षण विधिको निर्धारण र गुणस्तरीय प्रयोगशाला पद्धतीको विकास*

स्वास्थ्य प्रयोगशाला सेवाका सम्पुर्ण विधा तथा तहमा गुणस्तर व्यवस्थापन प्रणालीको समय सापेक्ष अभिबृद्धि गरिनेछ । गुणस्तर व्यवस्थापनको लागि देशभरीका सम्पूर्ण प्रयोगशालामा एकरुपता ल्याउनको लागि गुणस्तर पद्धतिको व्यवस्थापनलाई पनि 'राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला निर्देशिका'मा समेटिनेछ ।

क) प्रत्येक स्तरका स्वास्थ्य केन्द्र/अस्पताल/प्रयोगशालामा चाहिने आवश्यक परीक्षण र विधिको निर्धारण

ख) प्रत्येक स्वास्थ्य प्रयोगशालाले नमुना संकलन, परीक्षण, भण्डारण, परीक्षण विधि र ढुवानी लगायत प्रक्रियाको लागि राष्ट्रियस्तरमा निर्धारण गरिएको कार्य सञ्चालन निर्देशिका (Staindard Operating Procedure - SOP) समय सापेक्ष अद्यावधिक गरी सो अनुरुप कार्य गर्नु गराउनु पर्ने ।

ग) स्वास्थ्य प्रयोगशालाहरुमा हुने परीक्षणको प्रकार र आवश्यक नमूनाहको आवश्यकता अनुरुप विश्लेषण र अद्यावधिक गर्ने ।

घ) वर्गीकरण गरिएका प्रयोगशाला सेवाको लागत प्रभावी, लागत प्रभावकारीताको निरन्तर समीक्षा ।

ङ) प्रयोगशालाहरुमा Internal Quality Control अभ्यासको विकास गरी लागु गर्ने ।

च) प्रयोगशालाहरुमा गुणस्तर कायम गर्नका लागि National External Quality Assessment Scheme (NEQAS) लाई सुदृढ गरिनेछ ।

छ) सबै प्रयोगशालाहरुले आफुले दिने सेवाशुल्क सहितको सूचीअनिवार्यरुपमा सार्वजनिकरुपमा देखिने गरी राख्नु पर्नेछ ।

ज) सबै प्रयोगशालाहरुमा गुणस्तरीय परीक्षणको विकास र कार्यान्वयन गर्ने सन्दर्भमा अनुगमन गर्ने व्यवस्था गरिनेछ।

### *९.६ प्रयोगशाला सूचना व्यवस्थापन प्रणालीको व्यवस्था*

क) स्वास्थ्य संस्था र अस्पताल अर्न्तगतको प्रयोगशाला सम्बन्धी अभिलेख विश्लेषण र प्रगति प्रतिबेदनलाई Health Management Information System (HMIS) मार्फत एकिकृत गर्ने संयन्त्र विकास गरिनेछ ।

ख) सबै प्रयोगशालाहरुमा निगरानी र रोग नियन्त्रणको सेवा योजना र स्रोत परीचालनको अभिलेख अद्यावधिक गरिनेछ ।

ग) स्थानीयदेखि राष्ट्रिय प्रयोगशालाहरुमा गरिने परीक्षणहरुको तथ्यांकको विश्लेषण गरी सञ्जालका माध्यमबाट चौमासिक/बार्षिक प्रतिवेदन सार्वजनिक गरिनेछ । जसका लागि अन्य क्षेत्रबाट सञ्चालित प्रयोगशालाहरु पनि समेटिनेछन् ।

घ) प्रयोगशाला क्षेत्रबाट भएका कार्यहरुको विवरणलाई बार्षिकरुपमा प्रकाशन एवं सार्वजनिक गरिनेछ ।

### *९.७ वातावरण सुरक्षा तथा प्रयोगशालाजन्य पदार्थहरुको व्यवस्थापन*

स्वास्थ्य प्रयोगशालामा संक्रमणयुक्त सामग्रीहरुको सुरक्षित प्रयोग र तिनीहरुलाई सुरक्षित रुपले नष्ट गर्ने कामको सुनिश्चितता गर्नकोलागि जैविक सुरक्षा, जैविक सुरक्षण, वातावरण सुरक्षा रप्रयोगशाला फोहोर व्यवस्थापनका लागि 'राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला निर्देशिका'मा निर्दिष्ट गरिने छ ।

क) Bio-security, Bio-safety, Bio-hazard, Environment safetyसम्बन्धी व्यवस्था ।

ख) सम्पुर्ण प्रयोगशालाहरुमा निर्मलीकरण, संक्रमण रहित र उपयुक्त सर-सफाईको ब्यवस्था ।

ग) प्रयोग भैसकेका वा काम नलाग्ने र प्रयोगशालाबाट निस्किएको फोहरमैलाको व्यवस्थापन ।

घ) रसायन र प्रयोगशालामा प्रयोग हुने सामग्रीहरुको प्रदुषणरहित सुरक्षित बिसर्जनकालागि स्तरीय मापदण्डको व्यवस्था ।

ङ) सुक्ष्म जिवाणुहरुको संरक्षण र भण्डारको व्यवस्था ।

च) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून अनुसार प्रयोगशालाका फोहरमैलाको विसर्जन ।

### ९.८ *सेवा प्रदायक र सेवाग्राहीको गोपनीयता सम्बन्धमा प्रयोगशाला सुरक्षा प्रणाली*

सेवाग्राही र सेवा प्रदायकको हितमा हुने गरी 'राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला निर्देशिका'मा सुरक्षासम्बन्धी व्यवस्थालाई समावेस गरी लागु गरिनेछ ।

क) सेवा प्रदायक तथा सेवाग्राहीको सुरक्षाकोलागि सम्पूर्ण प्रयोगशालाहरुको भौतिक अबस्था, उपयुक्त स्थान, उपयुक्त वातावरणको सुविधा भएको हुनुपर्नेछ ।

ख) प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई काम गर्दा लाग्न/हुन सक्ने रोगवाट वच्नको लागि पर्याप्त सुरक्षा (खोप, रोकथाममुलक औषधोपचार, ब्यक्तिगत सुरक्षाका उपकरणहरु, Post - Exposure Prophylaxis (PEP) प्रयोग आदी) हरुको सुनिश्चितता ।

ग) सेवा प्रदायक र सेवाग्राहीको गोपनियता सम्बन्धी व्यवस्था ।

### ९.९ *आर्थिक स्रोतको व्यवस्थापन र उपयोग*

प्रयोगशालाहरुको आर्थिक स्रोतको व्यवस्थापन तथा उपयोगकोलागि देहायका बिषयबस्तुहरु 'राष्ट्रिय जनस्वास्थ्यप्रयोगशाला निर्देशिका'मा समावेस गरिनेछ:-

क) नेपाल सरकार, प्रतिष्ठान, गैर सरकारी संस्था तथा निजी क्षेत्रबाट सञ्चालित अस्पताल अन्तरगत चलाईने प्रयोगशाला सेवाकालागि सम्बन्धित निकायले प्रयाप्त बजेट विनियोजनको व्यवस्था ।

ख) प्रयोगशाला सेवाको शुल्क निर्धारण तथा त्यसबाट हुने आम्दानीको व्यवस्थापन ।

ग) प्रत्येक प्रयोगशालाले प्रयोगशाला सेवाको आन्तरिक तथा बाह्य गुणस्तर नियन्त्रकालागि आवश्यक पर्ने बजेटको व्यवस्थापन ।

घ) प्रयोगशाला दर्ता, प्रमाणीकरण, गुणस्तरका लागि पर्प्याप्त बजेटको व्यवस्था ।

ङ) जैविक सुरक्षा, फोहर व्यवस्थापन, प्रयोगशाला सुदृढीकरण जस्ता कार्यको लागि पर्याप्त बजेट व्यवस्था ।

### ९.१० *समन्वय र सहकार्य*

क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभाग अर्न्तगतका महाशाखाहरु र अन्य केन्द्रहरुको प्रयोगशालासंग सम्बन्धित कार्यक्रमहरु प्रयोगशालाबाट सञ्चालन गर्ने वा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासंग समन्वय गरी एकिकृतरुपमा मात्र सञ्चालन गरिनेछ ।

ख) सरकारी, प्रतिष्ठान, गैर सरकारी, तथा निजीस्तरबाट सञ्चालित प्रयोगशालाहरुसंग अति बिशेषज्ञ सेवामा दोहोरोपना नहुनकोलागि, बिशेषज्ञ सेवाको उपयोगिता, गुणस्तरीय एवं संस्थागत प्रयोगशाला सेवा आदि उपयुक्तरुपमा सञ्चालनको लागि समन्वय एवं सहकार्य गरिनेछ ।

ग) विभिन्न मन्त्रालय, विभाग तथा प्रतिष्ठान अर्न्तगतका प्रयोगशालासंग समन्वय गरी प्रार्दुभाव तथा पुनःप्रार्दुभाव हुने (Emerging and Re-emerging) रोग नियन्त्रण तथा निवारण क्षमतालाई अभिवृद्धि गरिनेछ ।

घ) खाद्यान्न, हावा पानीबाट सर्ने संक्रामक रोगहरु, पशु पंक्षीबाट सर्ने Emerging and Re-emerging Zoonotic रोगहरु पहिचान र निदान जस्ता कार्यहरुमा सहकार्य गर्नकोलागि एक द्धार नीति (One Health Hub) को अवधारणामा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई फोकल पोइन्टको व्यवस्था गरी समन्वयात्मक संयन्त्रको निर्माण गरिनेछ ।

ङ) केन्द्रीय/राष्ट्रिय रक्त सञ्चार केन्द्रसंगको समन्वयमा समेत कार्य गर्ने प्रणालीको विकास गरिनेछ ।

च) प्रयोगशालासंग आवद्ध पेशागत व्यवसायिक संघ संस्थाहरुसंग आवश्यकता अनुरुप सहकार्य गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

### ९.११ *अध्ययन अनुसन्धानको व्यवस्थापन*

क) प्रयोगशाला विज्ञानको अनुसन्धान कार्य प्रवर्द्धन र सुदृढ पारी अवसर उपलब्ध गराइनेछ ।

ख) स्वास्थ्य सेवा प्रयोगशालाहरुले संचालन गर्ने अनुसन्धानमूलक क्रियाकलापहरु प्रचलित कानून अन्तर्गत गर्नेछन् । प्रयोगशाला सम्बन्धी अनुसन्धान कार्यलाई थप प्रभावकारी तुल्याउनको लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको प्रतिनिधित्व गराउन आवश्यक व्यवस्था गरिनेछ ।

ग) प्रयोगशालासंग सम्बद्ध अनुसन्धानकर्ताहरुलाई अनुन्धान गर्न हौसला प्रदान गर्नकालागि आवश्यक वजेट विनियोजन गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को समन्वयमा आवश्यक पहल गरिनेछ ।

### *९.१२ प्रयोगशाला सेवामा सहुलियतको व्यवस्था*

क) नेपाल सरकारले तोके बमोजिम विपन्न नागरिकहरुलाई प्रयोगशाला सेवामा (कडा रोगहरुको निदानमा) सहुलियत दिने व्यवस्था गरिनेछ ।

ख) नेपाल सरकारको नीति अनुरुप प्रयोगशाला सेवामा लैङ्गिक समानता र समाजिक समावेशीकरणको बिषयलाई लागु गरिनेछ ।

## **१०. संस्थागत संरचना**

प्रस्तावित नीतिलाई कार्यान्वयन गर्नको लागि साविक संस्थागत संरचनाहरुमा परिमार्जन गरी सुदृढ बनाउन देहाय अनुसार कायम गरिनेछ:

क) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई केन्द्रको रुपमा विकास गरीनेछ र यसले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/स्वास्थ्य सेवा विभाग अर्न्तगत प्रयोगशालाहरुको नेतृत्वदायी निकायको रुपमा भूमिका खेल्नेछ ।

ख) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा संसोधित संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार एक निर्देशक (बाह्रौ तहको प्याथोलोजिष्ट), आवश्यकता अनुसारका पदाधिकारी र अन्य कर्मचारी रहनेछन् ।

ग) जनस्वास्थ्य सम्बन्धी प्रयोगशाला सेवाको लागि राष्ट्रियस्तरमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला रहनेछ र यसले प्रेषण प्रयोगशालाको भूमिका निर्वाह गर्नेछ ।

घ) हरेक क्षेत्रमा एक/एक वटा क्षेत्रीय स्वास्थ्य निर्देशनालय अर्न्तगत क्षेत्रीय जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिनेछ । क्षेत्रीय जनस्वास्थ्य प्रयोगशामा प्रयोगशाला प्रमुख (एघारौ तहको प्याथोलोजिष्ट) र अन्य आवश्यकता अनुसार पदाधिकारी र कर्मचारीहरु रहनेछन् । यस प्रयोगशालाले जनस्वास्थ्य सम्बन्धी र प्रेषण प्रयोगशालाको सेवा पुर्‍याउनुका साथै क्षेत्रीय अस्पताल प्रयोगशालासंग समन्वय गरी प्रयोगशाला सेवा प्रवाह गर्नेछ । साथै क्षेत्रीय जनस्वास्थ्य प्रयोगशालाले जिल्ला, प्रा.स्वा.केन्द्र र हेल्थ पोष्टलाई प्रयोगशाला सेवा सम्बन्धी कार्यमा प्राविधिक सहयोग पुर्‍याउनेछ ।

ङ) अञ्चल स्थित रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनस्वास्थ्य प्रयोगशाला सेवा र अञ्चल अस्पतालले पुर्‍याउने प्रयोगशाला सम्बन्धी निदान सेवालाई समन्वयात्मकरुपमा प्रवाह गरिनेछ ।

च) जिल्लाको हकमा जिल्ला अस्पतालबाट पुर्‍याउने प्रयोगशाला निदान सेवा र जनस्वास्थ्य कार्यालयबाट प्रवाह हुने जनस्वास्थ्य प्रयोगशाला सेवा लाई एकिकृतरुपमा सेवा दिइनेछ । त्यसैगरी जिल्ला अर्न्तगतका स्वास्थ्य संस्थाहरु (प्रा.स्वा.केन्द्र र हेल्थपोष्ट) बाट पनि एकिकृतरुपमा सेवा प्रवाह गरिनेछ ।

छ) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट अन्तरनिकाय समन्वय र सञ्जालका लागि सबै तहका अस्पताल प्रयोगशालाहरु, निजी अस्पताल प्रयोगशालाहरु, निजी क्षेत्रका प्रयोगशालाहरु र पशु अन्वेषण प्रयोगशाला (Central Veterinary Lab) संग सञ्जाल निर्माण गरी समन्वयकारी कार्य गरिनेछ ।

## **११. आर्थिक पक्ष :**

वर्तमान परिप्रेक्षमा नेपाल सरकार, Pool fund, नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजना – II र दोस्रो दीर्घकालीन स्वास्थ्य योजना मार्फत प्रयोगशालाहरुलाई आर्थिक सहयोग पुर्‍याइरहेकोछ । भावी आर्थिक श्रोतको व्यवस्था र दिगोपन कायम गर्न प्रयोगशाला विकासका लागि निम्न कुराहरुलाई ध्यानमा राखी कोषको व्यवस्थापन गरिनेछ ।

क) हाल प्रयोगशालाको लागि छुट्याउने गरेको न्यून बजेटलाई क्रमिकरुपमा बृद्धि गरी प्रस्तावित संगठन संरचना र सो अनुसार सृजनाहुने थप दरबन्दीलाई पुग्ने गरी बजेट व्यवस्था गरिनेछ ।

ख) जिल्ला स्थित जिल्ला जनस्वास्थ्य कार्यालय अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र स्वास्थ्य सेवा विभागको समन्वयमा बजेट व्यवस्थापन गर्ने र जिल्ला अस्पताल तथा अञ्चल, क्षेत्रीय र केन्द्रीयस्तरका अस्पतालमा सञ्चालित प्रयोगशालाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत बजेट व्यवस्थापन गरिनेछ ।

ग) सबै तहका प्रयोगशालाको भौतिक पूर्वाधार निर्माण र आवश्यक उपकरणको लागि चाहिने प्रयाप्त बजेटको व्यवस्था गरिनेछ । यसका लागि देहायको रणनीति अबलम्बन गरिनेछ:-

अ) राष्ट्रिय स्वास्थ्य प्रयोगशाला नीति अनुरुप प्रयोगशाला सेवाको विकासको लागि नेपाल सरकार, Pool fund, वैदेशिक निकाय एवं अन्य दातृ निकायबाट प्राप्त सहयोग र प्रयोगशालाबाट समेत प्राप्त हुने आन्तरिक आयलाई समेत परिचालन गरिनेछ ।

आ) आर्थिक श्रोतको उपयुक्त परिचालन एवं प्रयोगशाला सेवाहरुको कार्यक्रम तथा खर्च सम्वन्धी जवाफदेहिताको सुनिश्चितताको लागि पारदर्शी संयन्त्रको निर्माण गरिनेछ ।

इ) प्रयोगशालाबाट हुने खर्चको अद्यावधिक गर्ने र सोको जानकारी गर्ने गराउने जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्था एवं अस्पताल प्रमुखको हुनेछ ।

ई) प्रयोगशालाबाट हुने सम्पूर्ण कारोबारको आन्तरिक तथा वाह्य लेखापरिक्षण प्रचलित कानून अनुसार हुनेछ ।

## १२. कानूनी पक्ष

प्रभावकारी जन स्वास्थ्य प्रयोगशाला सेवा सम्बन्धमा गरिएका विभिन्न महासन्धि तथा अभिसन्धिहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुरुप नयाँ कानूनको तर्जुमा गरी व्यवस्थित गरिनेछ । तर हालका लागि प्रचलित कानूको अधिनमा रही नेपाल सरकारको निर्णयबाट यस नीतिमा भएका बुदाहरुलाई समेटी लागु गरिनेछ ।

## १३. अनुगमन र मूल्याकंन

यस नीतिको कार्यान्वयनसम्बन्धी अनुगमन तथा मूल्याकंनको प्राथमिक जिम्मेवारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हुनेछ । मन्त्रालयले प्रयोगशाला सेवाको फोकल पोइन्ट राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई तोकेको सन्दर्भमा देशभर सञ्चालित प्रयोगशालाहरुको अनुगमन तथा मूल्यांकन गर्ने जिम्मेवारी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको हुनेछ ।अनुगमन तथा मूल्याकंनलाई प्रभावकारी बनाउनकालागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले अनुगमन तथा मूल्याकंनका सूचकहरु तयार गरी प्रयोगशाला निर्देशक समितिबाट स्वीकृत गराई अनुगमन तथा मूल्यांकन कार्य गर्नेछ । सम्बन्धित मन्त्रालय/विभाग/प्रतिष्ठान तथा निजी अस्पताल अर्न्तगत सञ्चालित प्रयोगशालाहरुले आफुले गरेको कार्यको प्रगति राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा बुझाउनु पर्नेछ ।यस नीति अनुसार गरिने कार्यनीतिहरुको कार्यान्वयनका सम्बन्धमा स्थानीयस्तरमा रहेका स्वास्थ्य संस्था एंव अन्य निकायको समन्वय, सम्लग्नता र सक्रियतामा अनुगमन तथा मूल्यांकन गर्न नियामक संयन्त्रको व्यवस्था गरिनेछ । यस नीतिको हरेक ५ बर्षमा मूल्याकंन गरी अद्यावधिक गरिनेछ ।

## १४. जोखिम

व्यवस्थित प्रयोगशालाबाट गुणस्तरीय सेवा प्रदानगर्नकोलागि वर्तमान अबस्थामा देहायका चुनौतीहरु रहेका छन्:-

क) नीति तथा कार्यक्रमको कार्यान्वयनकोलागि समन्वयको अभाव हुनुका साथै आवश्यक प्राविधिक तथा आर्थिक स्रोत जुटाउन नसक्नु ।

ख) स्थानीयस्तरसम्म प्रयोगशाला सेवा बिस्तार गर्नकोलागि निजी सार्वजनिक साझेदारीको अवधारणा अनुरुप कार्यान्वयन गर्ने कार्यले प्राथमिकता प्राप्त गर्न नसक्नु ।

ग) स्वास्थ्य प्रयोगशाला क्षेत्रमा कार्यरत निकायहरुबीच आवश्यक समन्वय गर्न उपयुक्त संयन्त्रको विकास नहुनु ।

## राष्ट्रिय स्वास्थ्य प्रयोगशाला निर्देशक समिति

स्वास्थ्य प्रयोगशाला सेवाहरुको संचालन तथा अनुगमन गर्ने कार्य समेतको लागि देहायको एक राष्ट्रिय स्वास्थ्य प्रयोगशाला निर्देशक समितिको गठन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्नेछ ।

| | |
|---|---|
| १. सचिब, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - अध्यक्ष |
| २. महानिर्देशक, स्वास्थ्य सेवा विभाग | - उपाध्यक्ष |
| ३. प्रमुख, चिकित्सा महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| ४. निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | - सदस्य |
| ५. निर्देशक, औषधि व्यवस्था विभाग | - सदस्य |
| ६. प्रमुख, नीति योजना मशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| ७. प्रतिनिधि, राष्ट्रिय योजना आयोग (स्वास्थ्य हेर्ने) | - सदस्य |
| ८. प्रतिनिधि, अर्थ मन्त्रालय (स्वास्थ्य हेर्ने) | - सदस्य |
| ९. प्रतिनिधि, नेपाल मेडिकल परिषद् | - सदस्य |
| १०. प्रतिनिधि, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | - सदस्य |
| ११. प्रतिनिधि, नेपाल स्वास्थ्य व्यवसायी परिषद् | - सदस्य |
| १२. प्रतिनिधि, प्याथोलोजी एशोसियसन | - सदस्य |
| १३. प्रतिनिधि, प्रयोगशाला एशोसियसनमध्येबाट (रा.ज.स्वा.प्र.को सिफारिसमा स्वास्थ्य तथा जनसख्या मन्त्रालयले मनोनयन गर्ने) १ जना | - सदस्य |
| १४. प्रतिनिधि, निजी अस्पताल एशोसियसन | - सदस्य |
| १५. निर्देशक, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | - सदस्य सचिव |

**राष्ट्रिय प्रयोगशाला निर्देशक समितिका प्रमुख कार्यहरु देहाय वमोजिम हुनेछः-**

१. स्वास्थ्य प्रयोगशाला सेवाहरुका सन्दर्भमा राष्ट्रिय स्वास्थ प्रयोगशाला नीति र समय सापेक्ष स्वास्थ्य तथा प्रविधि विकासकालागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई राय सल्लाह प्रदान गर्ने र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई नीति निर्देशन दिने ।

२. समग्र स्वास्थ्य प्रणालीका रणनीतिहरुमा स्वास्थ्य प्रयोगशाला सेवाद्धारा योगदान पुग्न सक्ने विभिन्न प्रयास तथा योजना /प्रस्तावहरुको समन्वय गर्ने ।

३. कानून तथा नीति निर्माणमा आवश्यकता हेरी योगदान पुर्‍याउने ।

४. समय समयमा देखापरेका संकामक सरुवा रोगहरु र नसर्ने रोगहरुका निदानको सन्दर्भमा नियमित पुनरावलोकन अथवा राष्ट्रिय स्वास्थ्य प्रयोगशाला वा योजना संसोधनका लागी आवश्यकता अनुसार प्रस्ताव गर्ने ।

५. नयाँ प्रयोगशाला स्थापना र प्रविधिहरुको मुल्याङ्कन गर्ने ।

६. स्वास्थ्य प्रयोगशाला सेवासँग सम्वन्धित विभिन्न विषयवस्तुहरुमा विशेषज्ञता हासिल गरेका समुहवाट प्रविधिक योगदान गर्न समन्वय गर्ने ।

७. गुणस्तर सुनिश्चितता र स्वास्थ्य प्रयोगशालामा प्रयोगमा ल्याइने सामग्री र रसायनहरुको पुर्व छनौटको लागि राष्ट्रिय स्तरको एक केन्द्रको पहिचान गर्ने ।

८. यस समितिलाई प्राविधिक सहयोगकालागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशकको नेतृत्वमा एउटा 'राष्ट्रिय स्वास्थ्य प्रयोगशाला प्राविधिकसमिति' गठन गर्नेछ । साथै उक्त समितिले आवश्यकता अनुसार कार्यसञ्चालन निर्देशिकाहरु तयार गर्नेछ । यसरी तयार गरिएका निर्देशिकाहरु राष्ट्रिय निर्देशक समितिले स्वीकृत गरि लागु गर्नेछ ।